# छलफलका विषय वस्तुहरु

१. समिक्षा सम्बन्धमा ।

२. संघिय सरकार र प्रदेश सरकारबाट प्राप्त कूल अनुदान जानकारी एवम् छलफल सम्बन्धमा ।

३. विषयगत समितिहरुको वार्षिक प्रतिवेदन उपर छलफल सम्बन्धमा ।

४. कर लगाउने वा उठाउने सम्बन्धमा ।

५. आ.व.२०८२/०८३ को नीति तथा कार्यक्रम छलफल सम्बन्धमा ।

६. आगामी आ.व. २०८२/०८३ को आर्थिक विधेयक उपर छलफल सम्बन्धमा ।

७. आगामी आ.व. २०८२/०८३ को बजेट तयार सम्बन्धमा ।

८. गाउँसभाको १६औं अधिवेशनको तयारी सम्बन्धमा ।

९. रोजगार रणनीतिक योजना पेश गर्ने सम्बन्धमा।

१०. विविध

(क) कामकाजमा खटाउने सम्बन्धमाः

CS CamScanner

## छलफल तथा निर्णयहरु

**निर्णय नं. १ समिक्षा सम्बन्धमा:-** यस अघिका कार्यपालिका बैठकका निर्णयहरु लिपिबद्ध गरी केही निर्णयहरु कार्यान्वयन भई सकेका र अन्य निर्णयहरु क्रमशः कार्यान्वयन गर्दै जाने विषयमा समिक्षा एवम् छलफल गरियो ।

**निर्णय नं. २ सङ्घीय सरकार र प्रदेश सरकारबाट प्राप्त कूल अनुदान जानकारी एवम् छलफल सम्बन्धमा:** गाउँपालिकाले कार्यान्वयन गर्ने गरी सङ्घीय सरकार र प्रदेश सरकारबाट हस्तान्तरित अनुदान रकम बारे जानकारी एवम् छलफल गरियो । प्राप्त अनुदान रकम तपसिल बमोजिम रहेको छ ।

तपसिल

| क्र.सं. | अनुदान शीर्षक | रकम |
|---|---|---|
| १ | सङ्घीय शसर्त अनुदान | २४,९८,००,००० |
| २ | सङ्घीय विशेष अनुदान | ५५,००,००० |
| ३ | सङ्घीय समानिकरण अनुदान | ८,७८,००,००० |
| ४ | सङ्घीय समपुरक अनुदान | १,०४,००,००० |
| ५ | प्रदेश शसर्त अनुदान | २,२९,३१,००० |
| ६ | प्रदेश विशेष अनुदान | ६५,००,००० |
| ७ | प्रदेश समपुरक अनुदान | ३,५४,००,००० |
| ८ | प्रदेश समानिकरण | ८३,४७,००० |
| ९ | संघीय राजश्व बाँडफाँड प्राप्त रकम | ७,६७,१८,५१२ |
| १० | प्रदेश राजश्व बाँडफाँड प्राप्त रकम | ३,२६,१८,१९२.६५ |
| | जम्मा | ५३,६०,१४,७०४.६५ |

**निर्णय नं. ३ विभिन्न समितिहरुको वार्षिक प्रतिवेदन उपर छलफल सम्बन्धमा:** शिवपुरी गाउँपालिका (कार्य सम्पदान) नियमावली, २०७४ बमोजिम गठित तपसिलका समितिहरुको आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरि उक्त प्रतिवेदनहरु स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | समितिको नाम | समितिको संयोजक |
|---|---|---|
| १ | वार्षिक अनुगमन प्रतिवेदन | श्री विर बहादुर तामाङ |
| २ | सार्वजनिक सेवा तथा क्षमता विकास समिति | विष्णु श्रेष्ठ |
| ३ | आर्थिक विकास समिति | कुमार तामाङ |
| ४ | सामाजिक विकास समिति | केशव प्रसाद रिजाल |
| ५ | पूर्वाधार विकास समिति | सुकुराम तामाङ |
| ६ | वातावरण तथा विपद् व्यवस्थापन समिति | नाति तामाङ |
| ७ | विधेयक समिति | वीर बहादुर तामाङ |

(४)

CamScanner

| क.सं. | समितिको नाम | समितिको संयोजक |
|---|---|---|
| ८ | राजस्व परामर्श समितिको प्रतिवेदन | विर बहादुर तामाङ |

**निर्णय नं. ४** कर लगाउने वा उठाउने सम्बन्धमाः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (५४) बमोजिम कानून बमोजिम बाहेक गाउँपालिकाले आफ्नो अधिकारक्षेत्र भित्र कुनै कर लगाउन वा उठाउन पाउने छैन भन्ने व्यवस्था बमोजिम शिवपुरी गाउँपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको अधिकारक्षेत्र भन्दा बाहिर गई कुनै पनि प्रकारको कर लगाउने वा उठाउने कार्य नगरिने व्यहोरा स्वघोषणा गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५** आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम छलफल सम्बन्धमाः आगामी आ.व. २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम तपसिल बमोजिम आगामी गाउँ सभाको १६औं अधिवेशनमा पेश गर्ने निर्णय गरियो । विवरण अनुसूची-१ मा उल्लेख गरिएको छ

**निर्णय नं. ६** आगामी आ.व. २०८२/०८३ को आर्थिक विधेयक उपर छलफल सम्बन्धमाः राजस्व परामर्श समितिबाट प्राप्त प्रतिवेदन अनुसार तयार गरिएको आगामि आ.व. २०८२/०८३ को आर्थिक विधेयक, २०८२ उपर छलफल गरी आगामि गाउँ सभाको १६औं अधिवेशनमा पेश गर्ने निर्णय गरियो । शिवपुरी गाउँपालिकाको आर्थिक विधेयक, २०८२ अनुसूची-२ मा उल्लेख गरिएको छ ।

**निर्णय नं. ७** आगामी आ.व. २०८२/०८३ को बजेट तयार सम्बन्धमाः आगामि आ.व. २०८२/०८३ का वार्षिक वजेट तयार गरि १६ औं गाउँसभामा पेश गर्ने निर्णय गरियो । शिवपुरी गाउँपालिकाको विनियोजन विधेयक, २०८२ अनुसूची-३ मा उल्लेख गरिएको छ ।

**निर्णय नं. ८** गाउँसभाको १६औं अधिवेसनको तयारी सम्बन्धमाः गाउँ सभाको १६औं अधिवेशन भव्य रुपमा सम्पन्न गर्न आवश्यक पूर्व तयारी गर्न कार्यालयलाई जिम्मा दिने निर्णय गरियो ।

**निर्णय नं. ९** रोजगार रणनीतिक योजना पेश गर्ने सम्बन्धमाः कार्यालयले तयार पारेको शिवपुरी गाउँपालिकाको रोजगार रणनीतिक योजना (२०८२/०८३-२०८६/०८७) को मस्यौदा उपर छलफल तथा स्वीकृतिको लागि गाउँ सभाको १६ औं अधिवेशनको पहिलो बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०** विविधः

(क) कामकाजमा खटाउने सम्बन्धमाः- शिवपुरी गाउँपालिका अन्तरगत वडा नं. ४ स्थित सिक्रे स्वास्थ्य चौकीमा अधिकृत छैटौं जनस्वास्थ्य निरिक्षक पदमा कार्यरत श्री विहारी शरण कुइकेल SAARC Tuberculosis and HIV AIDS Center (STAC), Thimi, Bhaktapur मा महामारी रोग विशेषज्ञ (Epidemiologist) पदमा ३ वर्षका लागि कामकाज गर्न छनौट हुनु भएकोले वागमती प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा १०१ को उपदफा (३)(ङ) मा भएको व्यवस्था अनुसार निजलाई ३ (तीन) वर्षका लागि नियमानुसार पाउने तलब यसै गाउँपालिकाबाट भुक्तानी हुने गरी उक्त SAARC Tuberculosis and HIV AIDS Center (STAC), Thimi, Bhaktapur मा कामकाजमा खटाउन स्वीकृति प्रदान गर्ने निर्णय गरियो।

CamScanner

# छलफलका विषय वस्तुहरु

१. समिक्षा सम्बन्धमा ।

२. कृषि रूपान्तरण परियोजनाको उत्पादित वस्तुको बजार व्यवस्थापन सम्बन्धमा ।

३. आगामी आ.व. को योजना तथा कार्यक्रमको जानकारी सम्बन्धमा ।

४. विपदबाट हुने भौतिक एवम् मानविय क्षतिको आर्थिक सहयोग सम्बन्धमा ।

५. सम्भावित विपद पूर्व तयारी सम्बन्धमा ।

६. सामाजिक सुरक्षा भत्ता वितरणका लागि वडा नं. र मिति एकिन गर्ने सम्बन्धमा ।

७. करार सेवाका कर्मचारीको म्याद थप सम्बन्धमा ।

८. विविध ।

(क) म्याद थप सम्बन्धमा ।

(ख) भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी सम्बन्धमा।

(ग) ठेक्का सम्झौता अन्त्य सम्बन्धमा ।

९. धन्यवाद ज्ञापन सम्बन्धमा ।

CamScanner

## छलफल तथा निर्णयहरु

**निर्णय नं. १ समिक्षा सम्बन्धमाः-** यस अघिका कार्यपालिका बैठकका निर्णयहरु लिपिबद्ध गरी केही निर्णयहरु कार्यान्वयन भई सकेका र अन्य निर्णयहरु क्रमशः कार्यान्वयन गर्दै जाने विषयमा समिक्षा एवम् छलफल गरियो ।

**निर्णय नं. २ कृषि रूपान्तरण परियोजनाको उत्पादित वस्तुको बजार व्यवस्थापन सम्बन्धमाः** गाउँपालिकाको वृहत शिवपुरी कृषि रुपान्तरण परियोजना अन्तर्गत अकबरे खुर्सानी उत्पादन भै विक्रि वितरणको लागि तयारी उन्मुख अवस्थामा रहेकोले उक्त उत्पादित वस्तुको दिगो, भरपर्दो र उचित मूल्यका लागि बजार व्यवस्थापनको सम्बन्धमा छलफल गरियो । साथै यस विषयमा सहयोगी संस्था Heifer Nepal र CARDSN Nepal ले बजार बुझी आगामी बैठकमा छलफल गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ आगामी आ.व. को योजना तथा कार्यक्रमको जानकारी सम्बन्धमाः** आगामी आ.व. २०८२/०८३ को विभिन्न कार्यक्रम अन्तर्गत का.स.मु., सम्पत्ति विवरण, वार्षिक कार्य योजना, वार्षिक खरिद योजना, ठेक्का पट्टा शीर्षकगत बजेट लगायतका विषयमा छलफल गरि सोही वमोजिम कार्यालयको तर्फबाट गर्न गराउन कार्मचारीलाई निर्देशन दिइयो ।

**निर्णय नं. ४ विपदबाट हुने भौतिक एवम् मानविय क्षतिको आर्थिक सहयोग सम्बन्धमाः** वर्षातको समयमा बाढि, पहिरोबाट हुन सक्ने सम्भावित मानविय क्षतिको बारेमा सजग रहन समुदायलाई समेत गराउने । साथै कुनै भवितव्य परि मानविय क्षेती हुन गएमा राहत स्वरुप कार्यालयबाट केही आर्थिक सहयोग् गरि पछि कार्यपालिकाबाट अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ सम्भावित विपद पूर्व तयारी सम्बन्धमाः** मनसुनी वर्षाका कारण गाउँपालिका क्षेत्रभित्र हुन सक्ने क्षतिलाई न्यूनिकरण गर्ने वा तत्काल राहत उपलब्ध गराउने गरि कार्यालयमा राहत सामाग्री जस्तै प्लाष्टिक, उद्धार सामाग्री, औषधीजन्य सामाग्री लगायत विपद् व्यवस्थापन कोष चुस्त दुरुस्त व्यवस्थापन गरि राख्न कर्मचारीलाई थप निर्देशन दिइयो ।

CamScanner

**निर्णय नं. ६ सामाजिक सुरक्षा भत्ता वितरणका लागि वडा नं. र मिति एकिन गर्ने सम्बन्धमाः** चौथो त्रैमासिक सामाजिक सुरक्षा भत्ता वितरण स्थानीय नागरिकहरुको सहजताको लागि तपसिल बमोजिमको मिति, समय र स्थानबाट वितरण गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | मिति | समय | स्थान |
|---|---|---|---|
| १ | २०८२/०४/०४ | बिहान ८ बजे देखि | १ नं. वडा कार्यालय, तलाखु |
| २ | २०८२/०४/०५ | | २ नं. वडा कार्यालय, छाप |
| ३ | २०८२/०४/०६ | | ३ नं. वडा कार्यालय, लिखु |
| ४ | २०८२/०४/०७ | | ४ नं. वडा कार्यालय, सिक्रे |
| ५ | २०८२/०४/०८ | | ६ नं. वडा कार्यालय, समुन्द्रादेवी |
| ६ | २०८२/०४/११ | | ७ नं. वडा कार्यालय, सुनखानी |
| ७ | २०८२/०४/१२ | | ८ नं. वडा कार्यालय, थानापती |

**निर्णय नं. ७ करार सेवाका कर्मचारीको म्याद थप सम्बन्धमाः** हाल कार्यालय र अन्तर्गत सम्पूर्ण कार्यालयमा कार्यरत करार सेवा तर्फका कर्मचारीको कार्य सम्पादन सन्तोषजनक रहेकोले मिति २०८२ साल श्रावण १ गते देखि मिति २०८२ साल पौष मसान्त सम्म म्याद थप गरी निजहरुलाई कार्यविवरण सहित कामकाजमा लगाई निजहरुले खाइपाई आएको तलब भत्तामा नघट्ने गरि सेवा सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ८ विविधः**

(क) म्याद थप सम्बन्धमाः- कार्यालयबाट चालु आ.व. २०८१/०८२ मा विविध कारणले सम्पन्न हुन नसकेको उपभोक्ता समितिद्वारा निर्माणाधिन रहेको योजनाको म्याद निम्न बमोजिम थप गर्ने निर्णय गरियो ।

तपसिल

| क्र. सं. | योजनाको नाम | वडा नं. | विनियोजन बजेट | कार्य सम्पन्न गर्नु पर्ने मिति | कैफियत |
|---|---|---|---|---|---|
| १ | भंज्याङथोक आधुनिक पिङ निर्माण | ६ | २,५०,००० | २०८२/०८/१५ | |
| २ | रोल्दे खोल्चा मुहानगरी आँयाटार (पारथोक) खानेपानी वडा नं. ६ उ.स. | ६ | ३,५०,००० | २०८२/०८/१५ | |

| क्र. सं. | योजनाको नाम | वडा नं. | विनियोजन बजेट | कार्य सम्पन्न गर्नु पर्ने मिति | कैफियत |
|---|---|---|---|---|---|
| ३ | पालिका गौरव नेचुरल झरना तथा स्वीमिङ पुल निर्माण | ६ | १०,००,००० | २०८२/०८/१५ | |
| ४ | श्री सिक्रे स्वास्थ्य चौकी सडक स्तरोन्नती | ४ | १,०५,००० | २०८२/०८/१५ | |

(ख) भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी सम्बन्धमाः- कार्यालयबाट चालु आ.व. २०८१/०८२ मा निर्माण तथा कार्यक्रम सम्पन्न भइसकेको र सिमित आर्थिक स्रोतका कारण भुक्तानी हुन नसकेको तपसिल बमोजिमका योजना तथा कार्यक्रमहरुको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी निर्माण गरी आगामी आ.व. २०८२/०८३ मा भुक्तानी दिने निर्णय गरियो ।

<u>तपसिल</u>

| क्र. स. | कार्यक्रमको नाम | कारोबारको संक्षित ब्यहोरा | भुक्तानी पाउनेको नाम | भुक्तानी दिन बाँकि रकम | भुक्तानी बाँकि रहनुको कारण |
|---|---|---|---|---|---|
| १ | भन्ज्याङथोक बुद्ध पार्क निर्माण | पिङ निर्माण | भन्ज्याङथोक आधुनिक पिङ निर्माण उ स | २५०००० | समयमा काम सम्पन्न नभएकोले म्याद थप गरिएको र काम निरन्तरता गरिएको |
| २ | रोल्दे खोल्चा मुहान गरि आयाटार पारथोक खानेपानी वडा न ६ | खानेपानी विस्तार | रोल्दे खोल्चा मुहान गरि आयाटार पारथोक खानेपानी वडा न ६ उ स | ३५०००० | समयमा काम सम्पन्न नभएकोले म्याद थप गरिएको र काम निरन्तरता गरिएको |
| ३ | पालिका गौरब नेचुरल झरना तथा स्विमिङ पुल निर्माण | स्विमिङ पुल निर्माण | पालिका गौरब नेचुरल झरना तथा स्विमिङ पुल निर्माण उ स | १०००००० | समयमा काम सम्पन्न नभएकोले म्याद थप गरिएको र काम निरन्तरता गरिएको |
| ४ | श्री सिक्रे स्वास्थ्य चौकी सडक स्तरोन्नति | सडक स्तरोन्नति | श्री सिक्रे स्वास्थ्य चौकी सडक स्तरोन्नति उ स | १०५००० | समयमा काम सम्पन्न नभएकोले म्याद थप गरिएको र काम निरन्तरता गरिएको |
| ५ | श्री ज्ञानकुन्ज आ वि घेरावार निर्माण | घेरावार निर्माण | श्री ज्ञानकुन्ज आ वि घेरावार निर्माण उ स | ४५०००० | समयमा कागतजात पेश नभएको साथै स्रोत अपुग |

| क. स. | कार्यक्रमको नाम | कारोवारको संक्षित व्यहोरा | भुक्तानी पाउनेको नाम | भुक्तानी दिन बाँकि रकम | भुक्तानी बाँकि रहनुको कारण |
|---|---|---|---|---|---|
| ६ | राम्चेभूमे मन्दिर वडा न ५ | मन्दिर निर्माण | राम्चेभूमे मन्दिर वडा नं ५ उ स | ३००००० | ७ लाख को बजेट विनियोजन भएकोमा रु ४००००० भुक्तानी गरिएको र बाकि ३००००० स्रोतमा रकम अपुग भएर भुक्तानी दिन बाकि रहेको |
| ७ | रामायण छाप मा वि मर्मत | विद्यालयको मर्मत संभार | रामायण छाप मा वि | १५०००० | समयमा कागतजात पेश नभएको साथै स्रोत अपुग |
| ८ | बखतीटोल महिला भवन निर्माण | महिला भवन निर्माण कार्य | बखतीटोल महिला भवन निर्माण समिति उ स | १५०००० | समयमा कागतजात पेश नभएको साथै स्रोत अपुग |
| ९ | बोर्लाङभूमे मा वि वडा न २ मर्मत तथा संभार | विद्यालयमा रंगरोगन कार्य तथा मर्मत संभार | बोर्लाङभूमे मा वि | ५००००० | समयमा कागतजात पेश नभएको साथै स्रोत अपुग |
| १० | महेन्द्र आ वि भौतिक पुर्वाधार निर्माण | विद्यालय मर्मत संभार | महेन्द्र आ वि | ५००००० | टोखा नगरपालिकाबाट रकम विविध खर्च खातामा रकम टान्सफर गरिएको तर समयमा कागतजात पेश नभएकोले भुक्तानी दिन बाकि रहेको ।सा |
| ११ | शिवपुरी १० शैया अस्पताल भवन निर्माण | १० शैया अस्पताल भवन निर्माण कार्य | कविन्द्र वल्डवाईड जलुकेनी जे.भि. | २९००००० | गा पा को तर्फ बाट दिनु पर्ने साझेदारी रकम स्रोत अपुगको कारणले भुक्तानी दिन बाकि रहेको |
| १२ | गुर्जे भन्ज्याङ देखि सुईरेचौर गुरुङ गाउँमा पर्यटन मार्ग निर्माण | पर्यटन मार्ग निर्माण कार्य | गुर्जे भन्ज्याङ देखि सुईरेचौर गुरुङ गाउँमा पर्यटन मार्ग निर्माण उ स | २४६६००० | पर्यटन बोर्ड बाट सम्झौता बमोजिम आउन पर्ने रकम नआएकोले भुक्तानी दिन बाकि रहेको |
| १३ | शिवपुरी माने खोल्चा पाटि स्वारा शिवपुरी ट्रेल निर्माण | शिवपुरी ट्रेल निर्माण | शिवपुरी माने खोल्चा पाटि स्वारा शिवपुरी ट्रेल निर्माण उ स | ५१४५०० | पर्यटन बोर्ड बाट सम्झौता बमोजिम आउन पर्ने रकम नआएकोले भुक्तानी दिन बाकि रहेको |
| १४ | वडा न . १ को स्वास्थ्य भवन स्तरोन्नति | स्वास्थ्य भवन मर्मत तथा संरक्षण | वडा न . १ को स्वास्थ्य भवन स्तरोन्नति उ स | ४००००० | समयमा कागतजात पेश नभएको साथै स्रोत अपुग |

CamScanner

| क. स. | कार्यक्रमको नाम | कारोवारको संक्षित व्यहोरा | भुक्तानी पाउनेको नाम | भुक्तानी दिन बाँकि रकम | भुक्तानी बाँकि रहनुको कारण |
|---|---|---|---|---|---|
| १५ | वडा कार्यालय भवन सरक्षण वडा न . १ | घेरावार निर्माण | वडा कार्यालय भवन सरक्षण वडा न . १ उ स | २००००० | ५ लाख को बजेट विनियोजन भएकोमा रु ३००००० भुक्तानी गरिएको र बाकि २००००० स्रोतमा रकम अपुग भएर भुक्तानी दिन बाकि रहेको |
| १६ | खाल्चे खोला मुहान गरि तामे हुदे हिले टोल खा. पा मर्मत योजना | खानेपानी विस्तार | खाल्चे खोला मुहान गरि तामे हुदे हिले टोल खा. पा मर्मत योजना उ स | ८०००० | स्रोतमा रकम अपुग भएकोले भुक्तानी दिन बाकि रहेको |
| १७ | कृषि रुपान्त्रण परियोजना गा पा साझेदारी | Heifer Nepal cardsn,nepal र पालिका साझेदारी कार्यक्रम | Heifer project nepal | १०७८९७७ | माग भएको रकम रु १५७८९७७ मा रु ५००००० भुक्तानी दिइएको र स्रोतमा रकम अपुग भएकोले रु १०७८९७७ भुक्तानी दिन बाकि रहेको |
| १८ | इन्टरनेट शुल्क तथा कार्यालय सामाग्री तथा मसलन्द खर्च | इन्टरनेट तथा जडान सामाग्री खर्च | प्यारामाउण्ट टेक्नोलोजी प्रा.लि र छहरे नेट टि.भि. | ४९४४५ | समयमा आर्थिक प्रशासन शाखामा बिल पेश नभएको र भुक्तानी कारोबार नगरिएको हुनाले दायित्व सिर्जना भएको |
| १९ | गाउँ सभा सदस्यहरुलाई रेनकोट तथा छातार खरिद खर्च | रेनकोट तथा छाता खरिद | आर. एस. जेनरल सप्लायर्स प्रा.लि. | ९९२७०.५ | समयमा आर्थिक प्रशासन शाखामा बिल पेश नभएको र भुक्तानी कारोबार नगरिएको हुनाले दायित्व सिर्जना भएको |
| | | | जम्मा | ११५४३१९२.५ | |

**(ग) ठेक्का सम्झौता अन्त्य सम्बन्धमाः** आ.व. २०८१/८२ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अनुसार वोलपत्र आह्वान गरि ठेक्का प्रक्रिया मार्फत कार्यान्वयन गरिएका निर्माण सम्पन्न नभएको तपसिल बमोजिमका आयोजनाहरुको श्रोत प्रदेश सरकार र संघिय सरकारको समपूरक, विशेष र शसर्त अनुदान मार्फत भएको हुँदा अवधि थप गरि संचालन गर्न आर्थिक वर्षको अन्त्यमा सो अनुदान रकम फिर्ता गर्नुपर्ने र गाउँपालिका सँग सिमित बजेट भएकोले उक्त आयोजनाहरुको म्याद थप गरि कार्यान्वयन गर्न नसकिने भएकोले सुविस्ताको आधारमा ठेक्का सम्झौता अन्त्य गर्ने निर्णय गरियो।

तपसिल

| क.सं | ठेक्का नं. | योजनाको नाम | निर्माण व्यवसायीको नाम र ठेगाना | कैफियत |
|---|---|---|---|---|
| 1 | SRM/NCB/ WORKS/081-082/02 | Deurali-Rolche-Shivalaya-Chagaun Sadak Staronnati | Kalki Krishna Construction Pvt.Ltd.,Dhumbarahi-04 Kathmandu | |
| 2 | SRM/NCB/ WORKS/081-082/03 | Lokmarg-Khatiwada Tole-Kaule-Tapketar-Hile-Kattike-Thapke-Harshe-Bhirkhark Sadak Stronnati | Jigme Construction Pvt.Ltd., Tokha-09 Kathmandu | |
| 3 | SRM/NCB/ WORKS/081-082/11 | Mane Stupa-Jhyalimadal Mahadev-Mahadev Danda-Syaurebhume Mahadev Padmarga | Rasika Construction, Bidur-09, Nuwakot | |
| 4 | SRM/NCB/ WORKS/081-082/12 | Chisapani Paryatan Park Purwadhar Nirman | Om Bajra Construction, Myagang-06, Nuwakot | |
| 5 | SRM/NCB/ WORKS/081-082/16 | Deurali-Rolche-Shivalaya-Chagaun Sadak Staronnati (PHASE II) | K.P. Construction Udyog, Bidur-09, Nuwakot | |
| 6 | SRM/NCB/ WORKS/081-082/17 | Lokmarg-Khatiwada Tole-Kaule-Tapketar-Hile-Kattike-Thapke-Harshe-Bhirkhark Sadak Stronnati (PHASE II) | Prabidhi Engineering Solution Pvt.Ltd, Tokha-08, Kathmandu | |
| 7 | SRM/NCB/ WORKS/081-082/18 | Suire Chaur Sahid Paryatan Park Nirman | D.P. Construction, Bidur-04 Nuwakot | |

**निर्णय नं. ९ धन्यवाद ज्ञापन सम्बन्धमा:** आ.व. २०८१/०८२ मा सम्पादन गर्नुपर्ने कार्य गर्न गराउन नियमित बैठकमा उपस्थित भै निर्णय प्रक्रियामा सहभागी हुनु हुने गाउँपालिका उपाध्यक्षज्यू लगायत सबै कार्यपालिका सदस्यज्यूहरु लगायत कार्यपालिका र सभाबाट भए गरेका निर्णय नियम संगत ढंगले सम्पन्न गर्नु हुने सम्पूर्ण कर्मचारी मित्रहरुमा हार्दिक धन्यवाद सहित यो आर्थिक वर्षको कार्यपालिका बैठक यहि सम्पन्न भएको व्यहोरा बैठकका अध्यक्ष श्री गोविन्द प्रसाद थपलियाज्यूबाट घोषणा सहित बैठक समाप्त भयो ।

CamScanner